## गुठीको घर, पसल बहालमा दिने सम्बन्धी ७ दिने सार्वजनिक सूचना

यस कार्यालय मातहत रहेको भक्तपुर नगरपालिका वडा नं. ३ कि.नं. ८४ क्षे.फ.०-६-०-२ मा रहेको दत्तात्रय जगम मठ गुठीको घर/पसल र ऐ न.पा. वडा नं. ११ कि.नं. १७६ क्षे.फ.०-२-३-१ रोपनीमा रहेको ऐसामढी सत्तल घर पसल हाल जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा ५ बर्ष अवधिका लागि बहालमा बन्दोवस्त गर्नु पर्ने भएकोले यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति फर्म कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र रु.१०००(एकहजार) फिर्ता नहुने गरी यस कार्यालयबाट बोलपत्र फारम खरिद गरी लिन सकिने छ । ८ औं दिनको मध्यान्ह १२:०० बजे भित्र गोप्य शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गरी सक्नु पर्ने छ । सोही दिन अपरान्ह २:०० बजे उपस्थित साक्षी प्रतिनिधिहरुको रोहवरमा प्राप्त बोलपत्रहरु खोलिने छ । प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन । आफुले बुझाउन चाहेको मासिक बहाल रकम अंक र अक्षरमा बोलपत्र फाराममा स्पष्ट उल्लेख गरी आफुले भरेको दरले ५ बर्षको हुने बहाल रकमको ५%ले हुने रकम यस कार्यालयको धरौटी खाता नम्बर ००८०१००१००००८०२ सानिमा बैकमा जम्मा गरेको सक्कलै भौचर वा बैक जमानत पत्र पेश गर्न सकिनेछ । व्यक्तिको हकमा नेपाली नागरिकताको फोटोकपि र फर्म, कम्पनीहरुको हकमा फर्म दर्ता, नविकरण प्यान दर्ता कर चुक्ता लगायत प्रमाणपत्रका प्रतिलिपीहरु संलग्न गर्नु पर्नेछ । बोलपत्रहरु स्वीकृत भएमा ६ महिनाको हुने बहाल रकम अग्रिम रुपमा धरौटी राख्नु पर्नेछ । रीत नपुगेको वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन । बोलपत्र दर्ता गर्न तथा खोल्ने दिन सार्वजनिक विदा पर्न आएमा सोको लगतै कार्यालय खुलेको दिन सो कार्य हुनेछ । विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**गुठी संस्थान, शाखा कार्यालय,**
**सूर्यविनायक, भक्तपुर**
**सम्पर्क नं. ०१५०९२५६८**